# नेपाल संस्कृत विश्वविद्यालय सेवा आयोगको
# कर्मचारी नियुक्ति सिफारिससम्बन्धी
## निर्देशिका (कार्यविधि)-२०६७
## (२०७८ फागुन ८ सम्मको संशोधन समेत )

नेपाल संस्कृत विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवा-सर्तसम्बन्धी नियम २०६७ को परिच्छेद १२, १३ र १४ ले दिएको अधिकार प्रयोग गरी नेपाल संस्कृत विश्वविद्यालय, कार्यकारिपरिषद्को सिफारिसमा सेवा आयोगले नेपाल संस्कृत विश्वविद्यालय कर्मचारी नियुक्ति एवम् पदोन्नतिको सिफारिसका लागि देहायबमोजिमको निर्देशिका (कार्यविधि) तोकेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

### १.१ सङ्क्षिप्त नाम र प्रारम्भ

(क) यस निर्देशिका (कार्यविधि) को नाम नेपाल संस्कृत विश्वविद्यालय कर्मचारी नियुक्ति एवम् बढुवाका आधार, कार्यसम्पादन-मूल्याङ्कन तथा कार्यक्षमता अङ्क विभाजन, सिफारिस र न्यूनतम योग्यता निर्धारण एवम् पाठ्यक्रम सम्बन्धी निर्देशिका (कार्यविधि) २०६७ रहेको छ, यसलाई सङ्क्षेपमा 'कर्मचारी नियुक्ति सिफारिससम्बन्धी निर्देशिका (कार्यविधि) २०६७' भनिनेछ ।

(ख) यो निर्देशिका (कार्यविधि) २०६७ संशोधन सहितको २०७८/११/८ गते देखि लागु हुनेछ ।

### १.२ परिभाषा

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिका (कार्यविधि) मा :–**

(क) 'ऐन' भन्नाले ने.सं.वि. ऐन २०४३ (संशोधनसहित) लाई सम्झनु पर्दछ ।

(ख) 'नियम' भन्नाले नेपाल संस्कृत विश्वविद्यालयका प्रचलित नियमहरू सम्झनु पर्दछ ।

(ग) 'निर्देशिका' भन्नाले नेपाल संस्कृत विश्वविद्यालय कर्मचारी नियुक्ति एवम् बढुवाका आधार, कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता अङ्क विभाजन, सिफारिस र न्यूनतम योग्यता निर्धारण एवम् पाठ्यक्रमसम्बन्धी निर्देशिका-२०६७ (२०७८।११।८ सम्मको संशोधन सहित) सम्झनु पर्दछ ।

(घ) 'विश्वविद्यालय' भन्नाले नेपाल संस्कृत विश्वविद्यालय भन्ने सम्झनु पर्दछ ।

(ङ) 'सेवा आयोग' भन्नाले ने.सं.वि.सेवा आयोग भन्ने सम्झनु पर्दछ ।

(च) 'अध्यक्ष' भन्नाले ऐन बमोजिमको सेवा आयोगको अध्यक्ष भन्ने सम्झनु पर्दछ ।

(छ) 'सदस्य' भन्नाले ऐनबमोजिमको सेवा आयोगको सदस्य भन्ने सम्झनु पर्दछ ।

(ज) 'नियुक्त सदस्य' भन्नाले ऐनको दफा ९(क) १ (ग) बमोजिमको सदस्य भन्ने बुझ्नु पर्दछ ।

(झ) 'सेवा' भन्नाले ने.सं.वि.मा कार्यरत करार,अस्थायी एवं स्थायी दरवन्दीमा सेवारत कर्मचारीहरुको सेवालाई सम्झनु पर्दछ । यस शब्दले ने.सं.वि. ऐन २०४३(संशोधन सहित) द्वारा संस्कृत अध्ययन संस्थान विद्यापीठमा परिणत हुनुपूर्वको तात्कालिक संस्कृत अध्ययन संस्थान र त्यस अन्तर्गतका विद्यापीठहरुमा गरेको अविच्छिन्न सेवालाई समेत बुझाउंछ ।

(ञ) 'स्थायी सेवा' भन्नाले ने.सं.वि. सेवामा स्थायी नियुक्त भई कार्यरत वा ने.सं.वि.मा परिणत भएका शिक्षण संस्थाहरूमा स्थायी नियुक्त भई कार्यरत कर्मचारीहरूको सेवा भन्ने बुझ्नु पर्दछ ।

(ट) 'पद' भन्नाले ने.सं.वि. सेवाका प्रशासन, लेखा, पुस्तकालय र प्राविधिक पदहरू भन्ने सम्झनु पर्दछ ।

(ठ) 'बढुवा' भन्नाले लिखित र अन्तर्वार्तामा सम्मिलित हुनु नपर्ने फाइल बढुवा प्रतियोगिता भन्ने सम्झनु पर्दछ ।

(ड) 'आन्तरिक प्रतियोगिता' भन्नाले ने.सं.वि. सेवामा रहेका निश्चित शैक्षिक-योग्यता एवम् आवश्यक न्यूनतम सेवाअवधि पुगेका स्थायी कर्मचारीहरूले मात्र भाग लिन पाउने र लिखित एवम् अन्तर्वार्तामा सम्मिलित हुनुपर्ने प्रतियोगिता भन्ने सम्झनु पर्दछ ।

(ढ) 'प्रतियोगिता' भन्नाले सेवा आयोगद्वारा लिइने बढुवा, आन्तरिक र खुल्ला प्रतियोगिता भन्ने सम्झनु पर्दछ ।

(ण) 'लिखित परीक्षा' भन्नाले सेवा आयोगद्वारा लिइने प्रतियोगितात्मक लिखित परीक्षा भन्ने सम्झनु पर्दछ ।

(त) 'कर्मचारी' भन्नाले विश्वविद्यालयमा कार्यरत कर्मचारी भन्ने सम्झनु पर्दछ ।

(थ) 'अनुसूची' भन्नाले यसै निर्देशिका (कार्यविधि) को अनुसूची भन्ने सम्झनु पर्दछ ।

(द) 'योग्यता' भन्नाले विभिन्न तह र पदका लागि निर्धारित शैक्षिक योग्यता भन्ने सम्झनु पर्दछ ।

(ध) 'अङ्क' भन्नाले सेवा आयोगबाट यस निर्देशिका (कार्यविधि) मा उल्लेख भएबमोजिम प्रदान गरिने अङ्क भन्ने सम्झनु पर्दछ ।

(न) 'प्रशासनिक पद' भन्नाले शिक्षणतर्फका पदबाहेक प्रशासनतर्फका सबै सेवासमूहका लागि विश्वविद्यालयद्वारा निर्धारित प्रशासनिक पद भन्ने सम्झनु पर्दछ ।

*(प) 'सङ्गठनप्रमुख वा निकायप्रमुख' भन्नाले केन्द्रीय कार्यालयमा कुलसचिव, सेवाआयोगमा अध्यक्ष, विद्यापीठमा प्राचार्य र अन्य निकायमा कार्यालयप्रमुख भन्ने सम्झनु पर्दछ ।

*(फ) 'पुनरावेदन आयोग' भन्नाले ने.सं.वि. शिक्षक तथा कर्मचारी सेवा सर्तसम्बन्धी नियम २०६७ को पेरचछेद १९ को दफा १०७ बमोजिम गठित पुनरावेदन आयोग भन्ने सम्झनु पर्दछ ।

(ब) 'सेवा समूह' भन्नाले प्रशासन, लेखा, पुस्तकालय, प्राविधिक एवम् कार्यकारी परिषद्ले समय समयमा तोक्ने अन्य सेवा समूहलाई समेत सम्झनु पर्दछ ।

(भ) 'आवश्यक न्यूनतम शैक्षिक योग्यता' भन्नाले यसै निर्देशिकाको परिच्छेद-१२ मा तोकिए बमोजिमको शैक्षिक योग्यता भन्ने सम्झनु पर्दछ ।

**१.३** ऐन वा नियममा प्रयुक्त शब्द र वाक्यांशहरू यस निर्देशिका (कार्यविधि) मा प्रयुक्त भएकोमा प्रसङ्गवश अर्को अर्थ नलागेमा ती शब्द र वाक्यांशहरूको व्याख्या सोहीअनुरूप गरिनेछ ।

# परिच्छेद-२
## सिफारिससम्बन्धी प्रक्रिया

*२.१ नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक स्थायी पदपूर्तिका लागि कार्यकारि-परिषद्ले पठाएको पद, पदको सङ्ख्या र प्रतियोगिताको किसिमका आधारमा सेवाआयोगले कर्मचारीको नियुक्तिका लागि सिफारिससम्बन्धी प्रक्रिया सुरु गर्नेछ र साधारणतया विज्ञापन भएको मितिले छ महिनाभित्र सिफारिसको कार्यवाही टुङ्गो लगाई सक्नुपर्नेछ ।

२.२ **<u>विज्ञापन र आवेदन फाराम</u>**

*(क) नियुक्ति तथा पदोन्नतिका लागि सिफारिस गरिने विभिन्न पद, तिनको सङ्ख्या, न्यूनतम योग्यता एवम् प्रतियोगिताको किसिमसमेत खुलाई सेवा आयोगले सिफारिस गर्ने पदहरूको विज्ञापन राष्ट्रिय स्तरको दैनिक पत्रिकामा समेत प्रकाशित गर्नेछ । आगामी छ महिना भित्रमा विभिन्न कारणबाट रिक्त हुने पद समेत एकीन गरी माग गर्न सकिने छ ।

(ख) प्रत्येक विज्ञापनको आवेदन दिने म्याद प्रथम पटक विज्ञापन प्रकाशित भएको मितिले कम्तीमा ३५ दिनको हुनेछ । त्यसपछि दोब्बर दस्तुर तिरेर थप ७ दिनसम्म आवेदन फाराम भर्ने म्याद कायम रहनेछ, तर दोब्बर दस्तुर तिरेर वा पछि विज्ञापनमा कुनै संशोधन गरी वा नगरी जुनसुकै कारणले आवेदन फाराम भर्ने म्याद थप गरिए पनि सो थप अवधिलाई आधार मानी उम्मेदवारको उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव र सेवाअवधिलाई कुनै पनि प्रयोजनका निमित्त गणना गरिनेछैन ।

(ग) प्रकाशित विज्ञापन बमोजिमको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूका आवेदन फाराम तोकिएको म्यादभित्र सेवाआयोगको कार्यालयमा प्राप्त भइसक्नुपर्नेछ ।

(घ) म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लिखित सर्तहरू पूरा नभएको आवेदन फाराममा कुनै कार्यवाही गरिनेछैन ।

(ङ) प्रतियोगिताका लागि आवेदन दिने आवेदकहरूमध्ये फाराम स्वीकृत भएका उमेदवारको नामावली वर्णानुक्रमका आधारमा परीक्षा हुने दिनभन्दा कम्तीमा १५ दिन अगावै सेवा आयोगले प्रकाशित गर्नेछ । साथै प्रतियोगिता हुने मिति र स्थानका बारेमा प्रतियोगिता हुने दिनभन्दा १५ दिन अगावै राष्ट्रियस्तरका कुनै दैनिक पत्रिका मार्फत सूचना प्रकाशित गरिनेछ ।

(च) सेवा आयोगमा दाखिला भइसकेका आवेदन, आवेदन दस्तुर र सम्बन्धित संलग्न कागजात फिर्ता गरिने छैनन् ।

(छ) आयोगद्वारा प्रकाशित विज्ञापनमा सम्मिलित हुन चाहने विश्वविद्यालयमा कार्यरत उम्मेदवारहरूले आफूले प्राप्त गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरू विश्वविद्यालयद्वारा गठित प्रमाणपत्र छानबिन समितिबाट प्रमाणित गराइएको प्रमाण अनिवार्य रूपले फाराममा संलग्न गरेको हुनुपर्नेछ, तर खुल्ला प्रतियोगीका हकमा अन्तिम नतिजा प्रकाशन गर्दा सफल भएका उम्मेदवारहरूले १५ दिनभित्र छानबिन समितिबाट प्रमाणित गराएको प्रमाण अनिवार्य रूपमा सेवा आयोगसमक्ष पेस गरिसकेको हुनुपर्नेछ ।

(ज) आवेदन फारामको ढाँचा अनुसूची ४ मा तोकेअनुसार हुनेछ ।

# परिच्छेद-३
## प्रतियोगिताका प्रकार र अनुपात

**३.१ प्रतियोगिताका प्रकार**

सेवाआयोगले प्रशासनिक पदहरूको पूर्तिका लागि नाम सिफारिस गर्दा बढुवा, आन्तरिक र खुल्ला प्रतियोगिताका आधारमा नियुक्तिका लागि सिफारिस गर्नेछ ।

**(क) बढुवा प्रतियोगिता**

१. बढुवा हुने पदका लागि तोकिएको आवश्यक न्यूनतम शैक्षिक-योग्यता र बढुवा हुने पदको श्रेणीभन्दा एक तहमुनिको पदमा कम्तीमा ५ वर्ष सेवा अवधि पूरा गरेका विश्वविद्यालयका कर्मचारीहरूले मात्र आफ्नो सेवासमूहको एक तह माथिल्लो पदको बढुवा प्रतियोगितामा उम्मेदवार हुन पाउनेछन् । तर बढुवाका निमित्त उम्मेदवार हुन यहाँ तोकिएका प्रावधानहरूमध्ये बढुवा पदको श्रेणीभन्दा एक तह मुनिको पदका लागि तोकिए बमोजिमको शैक्षिक योग्यता हुनुपर्नेछ ।

*२. सवै सेवा समूह अन्तर्गतका प्रशासक वा सो सरह सम्मको बढुवा प्रतियोगिताको परीक्षामा तोकिएको स्थायी सेवा अवधि गणना गर्दा बेतलवी विदा लिएको अवधि, गयल भएको अवधि र विश्वविद्यालय वाहिर वेतलवी काजमा गई काम गरेको अवधि कटाई तोकिए बमोजिम ५ वर्ष स्थायी सेवा अवधि पूरा भएको अवस्थामा मात्र बढुवा पतियोगितामा भाग लिन पाइने छ ।

**(ख) आन्तरिक प्रतियोगिता**

१. पदोन्नति हुने पदका लागि तोकिएको आवश्यक न्यूनतम शैक्षिक-योग्यता र पदोन्नति हुने पदको श्रेणीभन्दा एक तह मुनिको श्रेणीको पदमा न्यूनतम ५ वर्ष सेवा अवधि पूरा गरेका स्थायी सेवामा कार्यरत सवै सेवासमूहका कर्मचारीहरूले आफू कार्यरत पदभन्दा एक तहमाथिको आफ्नो सेवासमूहको आन्तरिक प्रतियोगितामा भाग लिन पाउनेछन् ।

*२. सवै सेवा समूह अन्तर्गतका सह-प्रशासक वा सो सरह सम्मको आन्तरिक प्रतियोगिताको परीक्षामा तोकिएको स्थायी सेवा अवधि गणना गर्दा बेतलवी विदा लिएको अवधि, गयल भएको अवधि र विश्वविद्यालय वाहिर वेतलवी काजमा गई काम गरेको अवधि कटाई तोकिए बमोजिम ५ वर्ष स्थायी सेवा अवधि पूरा भएको अवस्थामा मात्र आन्तरिक प्रतियोगितामा भाग लिन पाइने छ ।

**(ग) खुल्ला प्रतियोगिता**

*१. तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेका इच्छुक नेपाली नागरिकले खुल्ला प्रतियोगितामा भाग लिन पाउने छन् । यो प्रतियोगिता खुल्ला/समावेशी आधारमा गरिनेछ । यस व्यवस्थाअनुसार नेपाल संस्कृत विश्वविद्यालयको सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ५५% पदमा सबै उम्मेदवारहरूले प्रतिस्पर्धा गर्न पाउने र ४५% पदमा महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रका उम्मेदवारहरूले मात्र प्रतिस्पर्धा गर्न पाउने गरी समावेशी आधारमा पूर्ति गर्ने व्यवस्था गरिनेछ ।

*२. विज्ञापनका निमित्त आएका पदहरूका सम्बन्धमा सबै उम्मेदवारहरूले प्रतिस्पर्धा गर्न पाउने खुल्ला प्रतियोगिताद्वारा पूर्ति गर्ने ५५% पद र तोकिएको समूह (महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रका उम्मेदवारहरू) बीच मात्र प्रतिस्पर्धा गराइने समावेशी आधारमा पूर्ति गर्ने ४५% पदको विभाजन गर्दा भागफल दशमलवमा आएमा जुनमा बढी आउँछ, त्यसैका लागि प्रतिशत निर्धारण गर्ने र दशमलव पछि दुवै समूहमा बराबर अङ्क आएमा खुल्लालाई प्राथमिकता दिने व्यवस्था गरिनेछ । महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रका उम्मेदवारहरूका बीचमा प्रतिस्पर्धा गराइने समावेशी आधारमा पूर्ति गर्न छुट्याइएको ४५% पदलाई शतप्रतिशत मानी देहाय बमोजिम वर्गीकृत उम्मेदवारहरू बीच छुट्टाछुट्टै प्रतिस्पर्धाका आधारमा देहायअनुसार पदपूर्ति गरिनेछ-

| | |
|---|---|
| (क) महिला | ३३ % |
| (ख) आदिवासी/जनजाति | २७ % |
| (ग) मधेसी | २२ % |
| (घ) दलित | ९ % |
| (ङ) अपाङ्ग | ५ % |
| (च) पिछडिएको क्षेत्र | ४ % |

४. समावेशीमा पर्ने हरेक वर्गीकृत समूहको पदसङ्ख्या निर्धारण गर्न सूत्र प्रयोग गर्दा भागफल दशमलवमा आएमा महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रमध्ये जुनमा बढी आउँछ, त्यसैका लागि प्रतिशत निर्धारण गरिनेछ । दशमलवपछि महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रमा बराबर अङ्क आएमा महिलालाई प्राथमिकता दिइनेछ । आदिवासी/जनजाति, मधेसी, दलित,

अपाङ्ग तथा पिछडिएको क्षेत्रमा बराबर अङ्क आएमा आदिवासी/जनजातिलाई प्राथमिकता दिइनेछ । मधेसी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रमा बराबर अङ्क आएमा मधेसीलाई प्राथमिकता दिइनेछ । दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रमा बराबर अङ्क आएमा दलितलाई प्राथमिकता दिइनेछ । अपाङ्ग तथा पिछडिएको क्षेत्रमा बराबर अङ्क आएमा अपाङ्गलाई प्राथमिकता दिने व्यवस्था गरिनेछ ।

५. माथि ३.१ (ग) मा उल्लिखित वर्गीकृत समूह/क्षेत्रको अर्थ र प्रयोग नेपाल सरकारले किटान गरेको अर्थ र प्रयोग अनुरूप अनुसूची १ अनुसार हुनेछ ।

## ३.२ प्रतियोगिताको अनुपात

*(क) बढुवा, आन्तरिक र खुल्ला प्रतियोगिताहरूको अनुपात देहायअनुसार हुनेछ-

| पूर्ति गरिने पदको तह | प्रतियोगिताका प्रकार | | |
|---|---|---|---|
| | खुल्ला प्रतियोगिता | आन्तरिक प्रतियोगिता | बढुवा प्रतियोगिता |
| प्रशासक वा सोसरह | - | - | १००% |
| सहप्रशासक वा सोसरह | - | ४०% | ६०% |
| उपप्रशासक वा सोसरह | - | ४०% | ६०% |
| सहायक प्रशासक वा सोसरह | ६०% | २०% | २०% |
| हेड असिस्टेन्ट वा सोसरह | ६०% | २०% | २०% |
| असिस्टेन्ट वा सोसरह | १००% | - | - |

*(ख) तोकिएको शैक्षिक-योग्यता पूरा गरी जुन सेवासमूह अन्तर्गतका पदमा नियुक्ति भएको हो सोही सेवासमूह अन्तर्गतको माथिल्लो पदमा आन्तरिक वा बढुवा प्रतियोगितामा भाग लिन आवेदित पदभन्दा एक तहमुनिको पदमा ५ वर्ष सेवा अवधि पुगेका स्थायी सेवाका कर्मचारीहरुले आ-आफ्ना सेवासमूहको एकतह माथिको पदका लागि बढुवा तथा आन्तरिक प्रतियोगितामा भाग लिन पाउनेछन् ।

*(ग) प्रतिशत विभाजन गर्दा भागफल दशमलवमा आएमा जुनमा बढी आउंछ त्यसको लागि प्रतिशत निर्धारण गर्न र दशमलव पछि बढुवा, आन्तरिक र खुल्ला प्रतियोगितामा भागफल वरावर आएमा बढुवालाई प्राथमिकता दिने तथा बढुवा र आन्तरिक प्रतियोगितामा भागफल वरावर आएमा बढुवालाई प्राथमिकता दिइने छ ।

*(घ) बढुवा, आन्तरिक र खुला प्रतियोगिताको एकै समयमा भएको विज्ञापनको अन्तिम नतिजा प्रकाशित गर्दा सर्वप्रथम बढुवा र त्यसपछि क्रमशः आन्तरिक तथा खुला प्रतियोगिताको नतिजा प्रकाशित गरिने छ । साथै समान पदको बढुवा तथा आन्तरिक प्रतियोगितामा आवेदन दिएका आवेदकहरु मध्ये वढुवा प्रतियोगिताबाट सिफारिश गरिएका आवेदकको नाम आन्तरिक प्रतियोगिताको सिफारिशमा समावेश गरिने छैन ।

## ३.३ प्रतियोगिताका सम्बन्धमा अन्य व्यवस्था

(क) सेवा आयोगको विज्ञापन वा सूचना अनुसार बढुवा, आन्तरिक र खुल्ला प्रतियोगिताको लागि दरखास्त दिनु अनिवार्य हुनेछ । दरखास्त नदिईकन वा तोकिएको परीक्षामा सामेल नभई कुनै पनि व्यक्तिलाई नियुक्तिका लागि सिफारिस गरिनेछैन र दरखास्त नभरेमा सेवारत कर्मचारी पनि आफू बहाल रहेको पदभन्दा माथिल्लो पदका निमित्त स्वतः उम्मेदवार हुनेछैन ।

*(ख) तोकिएको शैक्षिक-योग्यता पूरागरी जुन सेवासमूह अन्तर्गतका पदमा नियुक्त भएको हो सोही सेवासमूह अन्तर्गतको माथिल्लो पदमा बढुवा वा आन्तरिक प्रतियोगितामा भाग लिन आवेदित पदभन्दा एक तहमुनिको पदमा स्थायी भई ५ वर्ष सेवाअवधि पुगेका कर्मचारीहरूले एक तहमाथिको पदमा मात्र बढुवा तथा आन्तरिक प्रतियोगितामा भाग लिन पाउनेछ तर आवेदित पदभन्दा एक तह मुनिको पदमा ५ वर्ष स्थायी सेवा अवधि पुरागरेका जुनसुकै सेवा समूहका कर्मचारीहरुले आवेदित पदकालागि तोकिएको शैक्षिक योग्यता हासिल गरेको भए प्रशासन समूहको सहायक प्रशासक सम्म र लेखा समूहका लेखाअधिकृत सम्मका पदहरुका आन्तरिक प्रतियोगितामा भाग लिन पाउनछन ।

(ग) कुनै पदको बढुवा र आन्तरिक प्रतियोगितामा आवेदन नपरेमा उक्त दुबै प्रतियोगिताका लागि निर्धारित प्रतिशत बमोजिमका पदहरूमा खुल्ला प्रतियोगितामा समावेश गरी पूर्ति गर्नुपर्ने छ ।

## परिच्छेद-४

### सिफारिसका आधार तथा पूर्णाङ्क-विभाजन

४.१ विश्वविद्यालय सेवामा नियुक्ति तथा बढुवाका लागि सिफारिसका आधार तथा तिनको पूर्णाङ्क-विभाजन देहाय बमोजिम हुनेछ-

| क्र.सं. | सिफारिस गरिने आधार | बढुवा | आन्तरिक प्रतियोगिता | | खुल्ला प्रतियोगिता | |
|---|---|---|---|---|---|---|
| | | | सहायक प्रशासक वा सोसरह र सोभन्दा माथिका पदहरू | हेड असिस्टेन्ट वा सोसरह र सोभन्दा मुनिका पदहरू | सहायक प्रशासक वा सोसरहका पदहरू | हेड असिस्टेन्ट वा सोसरह र सोभन्दा मुनिका पदहरू |
| १ | ने.सं.वि.सेवा अनुभव (ज्येष्ठता) | ६० | २० | २० | - | - |
| २ | भौगोलिक क्षेत्रमा काम गरेको अङ्क | १० | - | - | - | - |
| ३ | कार्यसम्पादन-मूल्याङ्कन | ४० | १० | १० | - | - |
| ४ | शैक्षिक योग्यता | २७ | २० | २० | २० | २० |
| ५ | तलिम | ३ | - | - | - | - |
| ६ | लिखित (दुई पत्र) | - | २०० | २०० | २०० | २०० |
| ७ | अन्तर्वार्ता/प्रयोगात्मक | - | ३० | ३० | ३० | ३० |
| **पूर्णाङ्क** | | **१४०** | **२८०** | **२८०** | **२५०** | **२५०** |

**द्रष्टव्य:: प्रयोगात्मक परीक्षा हुने पदहरुको अन्तर्वार्ताको पूर्णाङ्क २४ र प्रयोगात्मक परीक्षाको पूर्णाङ्क ६ हुनेछ ।**

## परिच्छेद-५

### शैक्षिक योग्यताको अङ्कविभाजन र अन्य व्यवस्था

**५.१ बढुवाका लागि**

(क) सहायक प्रशासक वा सोसरह र सोभन्दा माथिल्ला पदहरूको बढुवा प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको अङ्कविभाजन देहायअनुसार हुनेछः-

| शैक्षिक योग्यता | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|
| *एस.ई.ई. वा सोसरह | ४ | ३ | २ |
| प्रमाणपत्र वा सोसरह | ६ | ५ | ४ |
| स्नातक वा सोसरह | १२ | ११ | १० |
| स्नातकोत्तर वा सोसरह | ५ | ४ | ३ |
| **जम्मा** | **२७** | **२३** | **१९** |

(ख) हेड-असिस्टेन्ट वा सोसरहका पदहरूको बढुवा प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको अङ्कविभाजन देहायअनुसार हुनेछ-

| शैक्षिक योग्यता | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|
| *एस.ई.ई. वा सोसरह | ८ | ७ | ६ |
| प्रमाणपत्र वा सोसरह | १४ | १३ | १२ |
| स्नातक वा सोसरह | ५ | ४ | ३ |
| **जम्मा** | **२७** | **२४** | **२१** |

**५.२ आन्तरिक प्रतियोगिताका लागि**

(क) सहायक प्रशासक वा सोसरह र सोभन्दा माथिल्ला पदहरूको आन्तरिक प्रातियोगिताका निमित्त शैक्षिक योग्यताको अङ्कविभाजन देहायअनुसार हुनेछः-

| शैक्षिक योग्यता | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|
| *एस.ई.ई. वा सोसरह | २ | १.५ | १ |
| प्रमाणपत्र वा सोसरह | ४ | ३.५ | ३ |
| स्नातक वा सोसरह | ९ | ८.५ | ८ |
| स्नातकोत्तर वा सोसरह | ५ | ४.५ | ४ |
| **जम्मा** | **२०** | **१८** | **१६** |

(ख) हेड असिस्टेन्ट वा सोसरहका पदहरूको आन्तरिक प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको अङ्कविभाजन देहायअनुसार हुनेछ-

| शैक्षिक योग्यता | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|
| *एस.ई.ई. वा सोसरह | ५ | ४.५ | ४ |
| प्रमाणपत्र वा सोसरह | १० | ९.५ | ९ |
| स्नातक वा सोसरह | ५ | ४.५ | ४ |
| **जम्मा** | **२०** | **१८.५** | **१७** |

**५.३ खुल्ला प्रतियोगिताका लागि**

*(क) सहायक प्रशासक वा सोसरहका पदहरूको खुल्ला प्रातियोगिताका निमित्त शैक्षिक योग्यताको अङ्कविभाजन देहायअनुसार हुनेछः-

| शैक्षिक योग्यता | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|
| *एस.ई.ई. वा सोसरह | २ | १.५ | १ |
| प्रमाणपत्र वा सोसरह | ४ | ३.५ | ३ |
| स्नातक वा सोसरह | ९ | ८.५ | ८ |
| स्नातकोत्तर वा सोसरह | ५ | ४.५ | ४ |
| **जम्मा** | **२०** | **१८** | **१६** |

(ख) हेड असिस्टेन्ट वा सोसरहका पदहरूको खुल्ला प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको अङ्कविभाजन देहायअनुसार हुनेछ-

| शैक्षिक योग्यता | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|
| *एस.ई.ई. वा सोसरह | ५ | ४.५ | ४ |
| प्रमाणपत्र वा सोसरह | १० | ९.५ | ९ |
| स्नातक वा सोसरह | ५ | ४.५ | ४ |
| **जम्मा** | **२०** | **१८.५** | **१७** |

(ग) असिस्टेन्ट वा सोसरहका पदहरूको खुल्ला प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको अङ्कविभाजन देहाय अनुसार हुनेछ-

| शैक्षिक योग्यता | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|
| *एस.ई.ई. वा सोसरह | १२ | ११.५ | ११ |
| प्रमाणपत्र वा सोसरह | ८ | ७.५ | ७ |
| **जम्मा** | **२०** | **१९** | **१८** |

**५.४ शैक्षिक योग्यताका सम्बन्धमा अन्य व्यवस्था**

*(क) कम्पार्टमेन्टल (एस.ई.ई. वा सोसरह) परीक्षा उत्तीर्ण गरी प्राप्त शैक्षिक-योग्यता वा उपाधिका लागि तृतीय श्रेणीको अङ्क दिइनेछ ।

(ख) कुनै श्रेणी नखुलेको शैक्षिक-योग्यता वा उपाधिलाई द्वितीय श्रेणीको अङ्क दिइनेछ ।

(ग) एक वा एकभन्दा बढी तह नाघी शैक्षिक-उपाधि हासिल गरेका उम्मेदवारका लागि बीचका तहहरूमा द्वितीय श्रेणीको अङ्क प्रदान गरिनेछ ।

(घ) समान तहको एकभन्दा बढी शैक्षिक-योग्यता वा उपाधि हासिल गरेको भए तीमध्ये आवेदित पदसँग सम्बन्धित एक शैक्षिक-योग्यता वा उपाधिका लागि मात्र अङ्क दिइनेछ ।

*(ङ) आवेदित पदका निमित्त तोकिएको न्यूनतम शैक्षिक-योग्यता भन्नाले असिस्टेन्ट वा सोसरहका पदका निमित्त एस.ई.ई. वा सोसरह परीक्षा उत्तीर्ण, हेड असिस्टेन्ट वा सो सरहका पदहरूका निमित्त सम्बन्धित विषयमा प्रमाणपत्र तह वा सोसरहको परीक्षा उत्तीर्ण र सहायक प्रशासक वा सोसरह र सोभन्दा माथिका पदहरूका निमित्त सम्बन्धित विषयमा स्नातक वा सोसरहको परीक्षा उत्तीर्ण हुनु पर्दछ, तर लेखासमूहतर्फका पदहरूका लागि तोकिएको सम्बन्धित विषयको शैक्षिक-योग्यतासम्बन्धी व्यवस्था लागु हुनुभन्दा अगाडि सोसरहको अन्य शैक्षिक योग्यताका आधारमा सेवाप्रवेश गरिसकेकाहरूको हकमा सम्बन्धित विषयको शैक्षिक उपाधिसम्बन्धी बन्देज लागु हुनेछैन । कुनै विशेष पदका निमित्त सम्बन्धित विषयको न्यूनतम शैक्षिक-योग्यता स्नातकोत्तर तोकिएको भएमा भने सोहीअनुसार हुनेछ ।

(च) बढुवा वा आन्तरिक प्रतियोगिताअन्तर्गत माथिल्लो पदमा पदोन्नति हुनका लागि आवेदन दिने न्यूनतम योग्यता जेसुकै तोकिएको भए तापनि शैक्षिक योग्यताको महलमा अङ्क प्रदान गर्ने सम्बन्धमा दफा ५.४ (ङ) मा व्यवस्था

भएबमोजिमको पदअनुसारको न्यूनतम शैक्षिक-योग्यता र सो न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो सम्बन्धित विषयको एक शैक्षिक-योग्यताबापत मात्र अङ्क दिइनेछ ।

(छ) आवेदित पदका लागि सम्बन्धित विषयको शैक्षिक योग्यतामा CGPA_C भन्दा तलको CGPA लाई अङ्क प्रदान गरिनेछैन ।

*(ज) खुल्ला प्रतियोगिता अर्न्तगत असिस्टेन्ट वा सो सरह भन्दा माथि सहायक प्रशासक वा सोसरह सम्मका पदहरुमा आवेदन दिने उम्मेदवारले अनिवार्य रुपमा कम्प्युटर सम्वन्धी आधुरभूत तालिम पुरा गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

# परिच्छेद-६

## सेवाअनुभव र भौगोलिक क्षेत्रमा काम गरेबापतको अङ्क व्यवस्था

### ६.१ सेवाको अनुभव (ज्येष्ठता) को अङ्क

ने.सं.वि. सेवामा काम गरेबापत अङ्क प्रदान गर्दा करार, अस्थायी र स्थायी सेवा बापत प्रत्येक वर्षको बढुवाका हकमा ६ अङ्क र आन्तरिक प्रतियोगिताका हकमा २ अङ्कका दरले बढीमा १० वर्षको मात्र अंक प्रदान गरिनेछ । यसरी अङ्क प्रदान गर्दा आवेदित पदभन्दा एक तहमुनिको पदमा स्थायी भई काम गरेको हुनुपर्नेछ ।

### ६.२ भौगोलिक क्षेत्रमा काम गरेको अङ्क

देशका विभिन्न भौगोलिक क्षेत्रलाई क्रमशः क, ख, ग र घ वर्गमा विभाजन गरी प्रत्येक वर्गमा आफ्नो जिल्ला छोडी अन्य जिल्लामा रहेका ने.सं.वि. का आङ्गिक विद्यापीठ वा अन्य निकायमा रही काम गरेबापत बढुवा प्रतियोगिताका लागि मात्र देहायबमोजिम भौगोलिक वर्गीकृत क्षेत्रको अङ्क दिइनेछ, तर आफ्नो स्थायी ठेगाना भएको जिल्लामा काम गरेको प्रत्येक एक वर्षका लागि (घ) वर्गको भौगोलिक वर्गीकृत क्षेत्रमा काम गरे बराबरको अङ्क प्रदान गरिनेछ । भौगोलिक वर्गीकृत क्षेत्रका जिल्लाहरूको विवरण अनुसूची २ मा दिइएको छ ।

| भौगोलिक क्षेत्र | प्रतिवर्ष पाउने अङ्क | अधिकतम अङ्क |
|---|---|---|
| 'क' वर्ग | ४ | १० |
| 'ख' वर्ग | ३ | १० |
| 'ग' वर्ग | २ | १० |
| 'घ' वर्ग | १ | १० |

### ६.३ सेवाअनुभव (ज्येष्ठता) र भौगोलिक क्षेत्रमा काम गरेबापतका सम्बन्धमा थप अन्य व्यवस्था

(क) सेवाअनुभव (ज्येष्ठता) को अङ्क प्रदान गर्ने सन्दर्भमा सेवाअवधि गणना गर्दा जम्मा हुन आउने अवधिमा वर्ष र महिनाभन्दा घटी अवधिका लागि अङ्क दिइनेछैन । नोकरी अवधिको गणना गर्दा अटुटरूपमा गरेको अवधिलाई जोडिनेछ । सेवा आयोगबाट पहिलोपल्ट प्रकाशित विज्ञापन वा सूचनाअनुसार आवेदन दिने अन्तिम मितिसम्मको अवधिलाई मात्र गणना गरिनेछ । दोब्बर दस्तुर तिरेर फाराम भर्ने म्याद थप गरिएको अवधि तथा पछि विज्ञापनमा कुनै संशोधन गरी वा नगरी जुनसुकै कारणले आवेदन फाराम भर्ने म्याद थप गरिएको भए तापनि सो थप गरिएको आधारमा उमेर, शैक्षिक-योग्यता, तालिम, अनुभव र सेवाअवधि कुनै पनि प्रयोजनका लागि गणना गरिनेछैन ।

(ख) कुनै पनि भौगोलिक वर्गीकृत क्षेत्रमा एक वर्षभन्दा कम अवधिका लागि काम गरेको भए सोबापत कुनै अङ्क दिइनेछैन, तर एकभन्दा बढी भौगोलिक वर्गीकृत क्षेत्रमा काम गरेको वर्षको अङ्क प्रदान गर्दा दुई वा दुईभन्दा बढी भौगोलिक वर्गीकृत क्षेत्रमा काम गरेको अवधि जोडी एक वर्ष पुगेमा जुन क्षेत्रमा बढी समय काम गरेको छ, सोही भौगोलिक क्षेत्रको अङ्क प्रदान गरिनेछ ।

*(ग) बेतलवी वा असाधारण बिदा बसेको वा गयल भएको वा विश्वविद्यालय वाहिर वेतलवी काजमा गएको अवधिलाई सेवाअनुभव र भौगोलिक वर्गीकृत क्षेत्रमा काम गरेको अङ्क दिने प्रयोजनका लागि गणना गरिनेछैन ।

(घ) अध्ययन बिदा वा अध्ययन काजमा बसेकाका लागि सो अवधिको भौगोलिक क्षेत्रको नम्बर (घ) वर्गसरह हुनेछ ।

(ङ) उच्च शिक्षा अध्ययनको मौका प्राप्त गरी अध्ययन बिदामा रही तोकिएअनुसारको अध्ययन पुरा नगरी फर्कने विश्वविद्यालयका कर्मचारीहरूले सेवा आयोगबाट प्रकाशित विज्ञापनमा पदोन्नतिका लागि आवेदन प्रस्तुत गरेमा निजले उपभोग गरेको अध्ययन बिदा अवधि सेवाअनुभव (ज्येष्ठता) र भौगोलिक वर्गीकृत क्षेत्रमा काम गरे बापतको अङ्क दिने प्रयोजनका लागि गणना गरिनेछैन । अन्तर्वार्ता सम्पन्न हुनुभन्दा अगाडिसम्ममा अध्ययन पूरा गरेको प्रमाण पेस गरेमा यो बन्देज हटाइनेछ, तर आवेदन फाराम भर्ने अन्तिम मितिसम्ममा स्वीकृत अध्ययन

बिदा समाप्त भएको एक वर्ष पुगिनसकेको अवस्थामा भने यो बन्देज लागु हुनेछैन । स्वीकृत अध्ययन बिदा समाप्त भई निज आफ्नो कार्यालयमा हाजिर भएको एक वर्ष पुगेपछिको अवस्थामा भने अध्ययन बिदामा रही अध्ययन गरेको तहको परीक्षा (शोधपत्रसमेत) उत्तीर्ण गरेको प्रमाण नै पेस गर्नुपर्नेछ । विद्यावारिधि शोधार्थीहरूका हकमा शोधपत्र बुझाई मूल्याङ्कनको चरणमा रहेको अवस्थामा भने यो बन्देज लागु हुनेछैन । साथै स्वीकृत अध्ययन बिदा समाप्त भइनसकेको अवस्थामा पनि यो नियम लागु हुनेछैन ।

# परिच्छेद-७
# तालिम बापत प्राप्त हुने अङ्क

**७.१ तालिम अवधि र प्राप्त हुने अङ्क**

प्रतियोगिता हुने पदभन्दा एक तहमुनिको पदमा रही मान्यताप्राप्त संस्थाबाट लिएको आवेदित पदसँग सम्बन्धित तालिमबापत देहायबमोजिम अङ्क दिइनेछ-

| आवेदित पदसँग सम्बन्धित तालिम अवधि | पाउने अङ्क |
|---|---|
| एकहप्ता (७ दिन) वा सोभन्दा बढी तर एक महिनाभन्दा कम अवधिको तालिमका लागि | १ |
| एक महिना वा सोभन्दा बढी र २ महिनाभन्दा कम अवधिको तालिमका लागि | २ |
| २ महिनाभन्दा बढी अवधिका लागि | ३ |

**७.२ तालिम अवधि र प्राप्त हुने अङ्क सम्बन्धमा थप व्यवस्था-**

(क) एकहप्ता (७ दिन) भन्दा कम अवधिको तालिमका लागि कुनै अङ्क दिइनेछैन ।

(ख) पूर्णाङ्कमा नबढ्ने गरी २ वटा तालिमसम्मलाई अङ्क दिइनेछ ।

(ग) विश्वविद्यालय वा विश्वविद्यालयबाट मान्यताप्राप्त संस्थाबाट लिइएको तालिमका लागि मात्र अङ्क प्रदान गरिनेछ । यस प्रयोजनका लागि मान्यताप्राप्त विश्वविद्यालय वा ने.सं.वि. का संगठन वा निकाय वा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान वा नेपाल कर्मचारी प्रशिक्षण प्रतिष्ठानबाट प्राप्त तालिमलाई मात्र अङ्क प्रदान गरिनेछ ।

(घ) तालिम आवेदित विषयसंग सम्वन्धित हो वा होइन भन्ने विषयमा तथा मान्यताप्राप्त संस्थाबाट हो वा होइन भन्ने सम्वन्धमा आयोगबाट निर्णय भएबमोजिम हुनेछ । यस सम्बन्धमा निर्णय गर्नुपूर्व आयोगले आवश्यक सम्झेमा विशेषज्ञहरु समावेश भएको समिति गठन गर्न सक्नेछ ।

*(ङ) जुनसुकै पदमा रही लिएको कम्प्युटर तालिमको अंक प्रदान गरिने छैन ।

# परिच्छेद-८
# लिखित परीक्षा

*८.१ खुल्ला प्रतियोगिताका माध्यमद्धारा असिस्टेन्ट वा सो सरह र सो भन्दा माथि सहायक प्रशासक वा सो सरह सम्मका र आन्तरिक प्रतियोगिताका माध्यमद्धारा हेड असिस्टेन्ट वा सो सरह र सो भन्दा माथि सह प्रशासक वा सो सरह सम्मका कुनै पनि प्रशासनिक पदहरुमा नियुक्तिका लागि सिफारिश गर्न लिखित परीक्षा लिइने छ ।

*८.२ आन्तरिक तथा खुल्ला पतियोगिता अन्तर्गत लिखित परीक्षा हुने विभिन्न पदहरूको उम्मेदवारहरूको लिखित परीक्षा लिनका निमित्त २०० पूर्णाङ्क (१००/१०० पूणार्ङ्का २ पत्रहरू) निर्धारण गरिने छ । पद अनुसारको स्तर कायम रहने गरी विशेषज्ञहरूको परामर्श लिई सेवाआयोगले सम्बन्धित विषय र स्तरको लिखित परीक्षाको पाठ्यक्रम ताक्नेछ ।

*८.३. खुला प्रतियोगिता अर्न्तगत कम्प्युटर प्रयोग सम्बन्धी ज्ञान अनिवार्य गरिएका पदहरुको लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारहरूलाई मात्र कम्प्युटर प्रयोगसम्बन्धी ज्ञानको प्रयोगात्मक परीक्षण लिइनेछ र उक्त प्रयोगात्मक परीक्षाको पूर्णाङ्क ६ रहनेछ ।

*८.४ खुला विज्ञापनबाट अन्तर्वार्ताको लागि सिफारिश गरिएका सवै पदका उम्मेदवारहरुको अन्तर्वार्ताकै क्रममा सेवाआयोगले कम्प्युटर प्रयोगसम्वन्धी ज्ञानको परीक्षण गर्नेछ ।

८.५ लिखित परीक्षाको उत्तीर्णाङ्क प्रतिपत्र खुल्ला समावेशी तर्फ ५०% र आन्तरिक प्रतियोगिता तर्फ ४०% हुनेछ ।

८.६ कुनै विशेष योग्यता चाहिने पद र प्राविधिकतर्फका पदहरूको लिखित परीक्षा लिनका निमित्त सेवा आयोगले छुट्टै पाठ्यक्रम निर्धारण गरी विज्ञापन प्रकाशित गर्न सक्नेछ ।

८.७ खुल्ला र समावेशीतर्फको समान विषय र पदको लिखित परीक्षा एकै समयमा एउटै प्रश्नपत्रबाट लिइनेछ । खुल्ला वा समावेशीतर्फका समान विषय र पदका जतिसुकै वर्गमा आवेदन दिए पनि लिखित परीक्षा भने एकपल्टमात्र दिनुपर्नेछ, तर अन्तर्वार्ता भने अलग अलग हुनेछ ।

*८.८ लिखित परीक्षामा उम्मेदवारहरूले प्राप्त गरेको प्राप्ताङ्कका आधारमा योग्यताक्रम-सूची निर्धारण गरी अन्तर्वार्ताका लागि लिखित परीक्षाको नतिजा प्रकाशित गरिनेछ । अन्तर्वार्ताका लागि योग्य उम्मेदवारहरूको नामावली प्रकाशित गर्दा रिक्त माग पदसङ्ख्यामा ५०% थप गरी प्रकाशित गरिनेछ । ५०% थप गर्दा सङ्ख्या दशमलवमा आएमा माथिल्लो पूर्णाङ्क लिइनेछ । माग संख्या एक भएपनि तीन जना सम्मको नाम प्रकाशित गरिने छ तर प्रयोगात्मक परीक्षा हुने प्राविधिक पदहरुमा लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा मात्र पद संख्यामा १०० प्रतिशत थप गरी प्रकाशित गरिने छ ।

८.९ अन्तर्वार्ताका लागि लिखित परीक्षाको नतिजा प्रकाशित गर्ने क्रममा योग्यताक्रममा रहेका उम्मेदवारहरूमध्येबाट माथि ८.८ मा व्यवस्था भएअनुरूपको सङ्ख्यामा उम्मेदवारहरूको छनोट गर्दा योग्यताक्रममा परेको अन्तिम प्राप्ताङ्क एक भन्दा बढी उम्मेदवारहरूको समान रहेछ भने माथि ८.८ मा जेसुकै लेखिएको भए तापनि योग्यताक्रममा परेका अन्तिम प्राप्ताङ्क समान भएका सबै उम्मेदवारहरूलाई लिखित परीक्षाको नतिजामा सामेल गरिनेछ ।

८.१० लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा समान श्रेणीको अथवा सोभन्दा माथिल्लो श्रेणी वा पदमा पहिले नै सिफारिस भई सकेको भए वर्तमान लिखित परीक्षाको नतिजाबाट तथा लिखित परीक्षाको नतिजा प्रकाशित भई अन्तर्वार्ता मात्र बाँकी रहेको भए अन्तर्वार्तासूचीबाट त्यस्ता उम्मेदवारको नाम हटाइनेछ, तर तल्लो श्रेणीको पदमा सिफारिस भएको भए माथिल्लो श्रेणी वा पदमा प्रतिस्पर्धा गर्न रोक लाग्नेछैन ।

८.११ समान स्तरका विभिन्न पदका लागि एउटै समयमा भएको भिन्ना भिन्नै विज्ञापन वा एउटै विज्ञापन अन्तर्गतकै विभिन्न पदको लिखित परीक्षाको नतिजा प्रकाशित गर्नुपरेमा पहिलेको नतिजाको नामावलीमा परेकामध्ये जति जना उम्मेदवारको नाम त्यसपछि हुने अर्को पदको नतिजामा समावेश गरिएको छ, त्यत्तिकै सङ्ख्यामा थप उम्मेदवारहरूको नाम समावेश गरी पछिल्लो नतिजा प्रकाशित गर्ने व्यवस्था हुनेछ । तर माथि ८.९ मा भएको व्यवस्थाअनुरूपको सङ्ख्यामा उम्मेदवारहरूको नाम थप भइसकेको रहेछ भने अरू थप नाम समावेश गरिने छैन ।

*८.१२ विभिन्न पदका निमित्त समावेशी आधारमा पूर्ति गर्ने गरी भएको विज्ञापनको एउटै पदको लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा सबैभन्दा पहिले खुल्ला तर्फको नतिजा प्रकाशित गरिने छ र त्यस पछि समावेशी तर्फ सिफारिश हुने उमेदवारको नामावली प्रकाशित गरिने छ । यस अर्न्तगत सर्व प्रथम पिछडिएको क्षेत्रका उम्मेदवारहरूको नामावली प्रकाशित गरी त्यसपछि क्रमशः अपाङ्ग, दलित, मधेसी, आदिवासी/जनजाति र महिलावर्ग समूहका उमेदवारहरुको नामावली माथि ८.१० मा भएको व्यवस्थाअनुसार हुनेछ ।

*८.१३ लिखित परीक्षाका सवै उत्तरपुस्तिकाहरु मूल्यांकनमा पठाउनु पूर्व दोहोरो संकेत पद्धति (Double coding system ) अवलम्वन गरिने छ । कोडिङ् तथा डिकोडिङ्का लागि नेपाल सरकार लोकसेवा आयोगको सहयोग लिइने छ । कोडिङका सवै अर्धकट्टीहरु खाममा शिलवन्दी गरी कोडिङ कार्यमा संलग्न सवैको हस्ताक्षर गराई उनीहरुकै रोहवरमा खाम खोल्ने गरी सुरक्षित रुपमा राखिने छ ।

# *परिच्छेद ९

## कार्यसम्पादन मूल्याङ्कन

९.१ विश्वविद्यालयले आफ्ना सवै कर्मचारीहरुको हरेक वर्षको आषाढ मासान्तसम्ममा कार्यसम्पादन र प्रशासनिक क्षमताको तोकिएको ढांचामा मूल्याङ्कन गरी गोप्य रुपमा राख्ने व्यवस्था गर्नेछ । यस्तो कार्यसम्पादन अङ्कमध्ये विज्ञापन प्रकाशित भएपछि पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनको औषत अङ्क कायम गरिनेछ ।

९.२ माथि ९.१ मा तोकिएको व्यवस्था लागू नहुन्जेलसम्मका निमित्त बिज्ञापन प्रकाशित भएपछि हरेक कर्मचारीले सेवा आयोगबाट तोकिएको ढांचामा अन्तिम एक आर्थिक वर्षको आफ्नो व्यक्तिगत विवरण भरी तोकिएको अधिकारीसमक्ष कार्यसम्पादन मूल्याङ्कनार्थ बुझाउनुपर्नेछ । सम्वन्धित अधिकारीले निज कर्मचारीको कार्य

सम्पादन मूल्याङ्कन गोप्य शिलवन्दी गरी पुनर्मूल्याङ्कनकर्तासमक्ष पठाउनुपर्नेछ, तर सम्वन्धित कर्मचारीको हातमा सो कार्यसम्पादन मूल्याङ्कन फाराम दिनुहुँदैन ।

९.३ वेतलवी बिदा वसेको वा वेतलवी काजमा गएको वा तालिम वा बिदामा वसेको अवधिको कार्यसम्पादन मूल्याङ्कन वापतको अङ्क त्यस्तो बिदा वसेका वा वेतलवी काजमा गएको वा तालिम वा अध्ययन बिदामा जानुभन्दा अघिको अवधिको कार्यसम्पादनका आधारमा मूल्याङ्कन गरिनेछ ।

९.४ **मूल्याङ्कन अधिकारी :-**

केन्द्रमा उपकुलपति कार्यालय अर्न्तगतका कर्मचारीहरुको मूल्याङ्कन उपकुलपतिबाट, सेवा आयोग कार्यालय अर्न्तगतका कर्मचारीहरुको मूल्याङ्कन सेवा आयोगका अध्यक्षबाट, शिक्षाध्यक्ष कार्यालय अर्न्तगतका कर्मचारीहरुको मूल्याङ्कन शिक्षाध्यक्षबाट र कुलसचिवको कार्यालय अन्तर्गतका कर्मचारीहरुको मूल्याङ्कन कुसचिवबाट हुनेछ । अन्य निकायहरुमा कार्यरत कर्मचारीहरुको मूल्याङ्कन सम्वन्धित निकाय प्रमुखबाट भई कुलसचिवबाट पुनर्मूल्याङ्कन हुन सक्नेछ । उपकुलपति, सेवा आयोगका अध्यक्ष, शिक्षाध्यक्ष र कुलसचिवबाट भएको माथि तोकिए बमोजिमका कर्मचारीहरुको मूल्याङ्कन अन्तिम हुनेछ र सोही अङ्क गणना गरिनेछ ।

**९.५ पूनर्मूल्याङ्कनको व्यवस्था :-**

उपकुलपति, सेवा आयोगका अध्यक्ष, शिक्षाध्यक्ष र कुलसचिव बाहेक अन्य निकाय प्रमुखबाट मूल्याङ्कन भई सेवा आयोगमा प्राप्त भएका सबै मूल्याङ्कन फारामहरु कुलसचिव समक्ष पठाइने छ र कुलसचिवले आवश्यक देखेमा पुनर्मूल्याङ्कन गर्न सक्नेछ । तर यसरी मूल्याङ्कन कर्ताबाट प्रदत्त अङ्कमा पुनर्मूल्याङ्कन गरी अङ्क थप्न वा घटाउनु पर्ने भएमा बढीमा ५ अङ्क मात्र थप्न वा घटाउन सक्नेछ । सो भन्दा बढी वा घटी हुने गरी पुनर्मूल्याङ्कन गर्नु पर्ने अवस्था पुर्नमूल्याङ्कन कर्तालाई लागेमा पुनरवलोकन समितिमा पठाउनु पर्नेछ । पुनरवलोकन समितिमा जानु पर्ने मूल्याङ्कन फारामहरु बाहेक अन्यका हकमा पुनर्मूल्याङ्कनकर्ताले दिएको अङ्क अन्तिम मानिनेछ । सोही अङ्क गणना गरिनेछ ।

* ९.६ **पुनरवोलकन समिति :-**

उपकुलपतिको संयोजकत्वमा शिक्षाध्यक्ष र कुलसचिव सम्मिलित कार्यसम्पादन तथा प्रशासनिक क्षमताको मूल्याङ्कन पुनरवलोकन समिति रहनेछ । पुनरवलोकन समितिमा देहाय बमोजिमका फारामहरु पठाइनेछन् ।

(क) मूल्याङ्कन र पुनर्मूल्याङ्कन पछि २४ भन्दा कम र ३५ भन्दा बढी अङ्क पाएका फारामहरु ।

(ख) पुनर्मूल्याङ्कन कर्ताले पुनरवलोकन समितिमा पठाउन सिफारिस गरेका फारामहरु ।

९.७ पुनरवलोकनका लागि पेश भएका मूल्याङ्कन फारामको हकमा पुनरवलोकनकर्ताले दिएको अङ्क अन्तिम हुनेछ र सोही अङ्क गणना गरिनेछ । पुनरवलोकन समितिको हकमा बहुमतको निर्णय मान्य हुनेछ । विवाद उत्पन्न भई निर्णय हुन नसक्ने देखिएमा पुनरवलोकन समितिका अध्यक्षको निर्णय अन्तिम मानिनेछ र सोही अङ्क गणना गरिनेछ ।

९.८ कार्यसम्पादन र प्रशासनिक क्षमता मूल्याङ्कनको ४० अङ्क बढुवा प्रतियोगिताको प्रयोजनका निमित्त र १० अङ्क आन्तरिक प्रतियोगिताको प्रयोजनका निमित्त हुनेछ । कार्यसम्पादन मूल्याङ्कन फाराम समयमै प्राप्त नभएमा वा तोकिएको पदाधिकारीबाट मूल्याङ्कन नभएको पाइएमा वा पूर्णाङ्कको ५०% भन्दा कम अङ्क भएमा त्यस्ता उम्मेदवारहरुलाई कार्यसम्पादन मूल्याङ्कन वापत बढुवातर्फ एकमुष्ट २० अङ्क र आन्तरिक प्रतियोगितातर्फ एकमुष्ट ५ अङ्क प्रदान गरिनेछ ।

**९.९ कारण जनाउनुपर्ने :-**

कार्यसम्पादन-मूल्याङ्कन फाराममा उल्लिखित बुँदाहरूमा जुनसुकै स्केलबाट मूल्याङ्कन भएको भए पनि हरेक बुँदाहरूमा कारण जनाउनु पर्दैन तर ८०% भन्दा बढी र ६०% भन्दा घटी अङ्क दिएमा औचित्यपूर्ण कारण जनाउनुपर्नेछ । औचित्यपूर्ण कारण नजनाई ८०% भन्दा बढी वा ६०% भन्दा घटी दिएको पाइएमा बढीमा ८०% र घटीमा ६०% अङ्क सेवा आयोगले कायम गर्न यस निर्देशिकाले बाधा पुऱ्याएको मानिनेछैन ।

(क) सबै कोलममा अनिवार्य रूपमा रेजा लगाई मूल्याङ्कन गर्नुपर्नेछ । कुनै कोलममा रेजा लगाएको नपाइएमा सो कोलममा सन्तोषजनक स्तर कायम गरिनेछ ।

(ख) कार्यसम्पादन-मूल्याङ्कनको ढाँचा अनुसूची ४ मा उल्लेख भएबमोजिम हुनेछ ।

# परिच्छेद-१०
# अन्तर्वार्ता

१०.१ सेवा आयोगको विज्ञापन बमोजिम प्रतियोगिता हुने बढुवा प्रतियोगिता बाहेकका सबै प्रतियोगिताकालागि अन्तर्वार्ता अनिवार्य हुनेछ ।

१०.२ अन्तर्वार्ता सम्बन्धी सूचना प्रतियोगिता हुने दिनभन्दा कम्तीमा १५ दिन अगाडि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

१०.३ आन्तरिक र खुल्ला प्रतियोगितामा अन्तर्वार्ताका लागि निर्धारित ३० अङ्कको विभाजन देहायबमोजिम हुनेछ ।

| पद | विज्ञहरूको सङ्ख्या न्यूनतम | अन्तर्वार्ता पूर्णाङ्क | | | |
|---|---|---|---|---|---|
| | | सेवा आयोगका अध्यक्ष/सदस्य | विशेषज्ञहरू | प्रयोगात्मक | जम्मा |
| सबै पदहरूमा | २ | ६ | २४ | - | ३० |
| आइटि अफिसर, कम्प्युटर चालक हेडअसिस्टेन्ट(आइटि) र असिस्टेन्ट कम्प्युटर चालक | २ | ६ | १८ | ६ | ३० |

## १०.४ विशेषज्ञ सम्बन्धी थप व्यवस्था

*(क) कार्यकारि परिषद्द्वारा निर्धारित विशेषज्ञसूची (रोस्टर) मा रहेका विशेषज्ञहरूमध्येबाट सेवा आयोगले तोकेअनुसार हुनेछ । विशेषज्ञसूचीमा रहेका विशेषज्ञहरू उपलब्ध हुन नसकेमा सेवा आयोगले निर्णय गरी आवश्यकता अनुसार अन्य विशेषज्ञ तोक्न सक्नेछ । अन्तर्वार्तामा विशेषज्ञ छनोट गर्दा सम्भव भएसम्म सबन्धित क्षेत्रका वरिष्ठतम व्यक्तिहरूलाई प्राथमिक सूचीमा राखेर छनोट गरिनेछ ।

(ख) उपप्रशासक वा सोसरह र सोभन्दा माथिका पदको अन्तर्वार्तामा विशेषज्ञ नियुक्ति गर्दा विश्वविद्यालय सेवामा बहाल नरहेका सम्बद्ध विषयका एक जना विज्ञलाई अनिवार्य रूपमा नियुक्ति गर्नुपर्नेछ ।

(ग) सेवा आयोगबाट सञ्चालित लिखित परीक्षा, प्रयोगात्मक परीक्षा वा अन्तर्वार्ताजस्ता कुनै पनि प्रतियोगितात्मक परीक्षामा उपप्रशासक वा सोसरहभन्दा तल्लो पदका कर्मचारी विशेषज्ञ बन्न सक्नेछैनन् । तर श्रेणीविहीन कर्मचारीहरूको हकमा भने अधिकृत तहका कर्मचारीहरू पनि विशेषज्ञको रूपमा रहन सक्नेछन् ।

(घ) सहायक प्रशासक वा सोसरह र उपप्रशासक वा सोसरहका पदहरूका लागि सहप्रशासक, प्रशासक वा सम्बद्ध विषयका सहप्राध्यापक वा प्राध्यापक वा नेपाल सरकार वा अन्य क्षेत्रका प्रथम श्रेणी वा सोभन्दा माथिका विषयविज्ञ र सहप्रशासक वा सोसरहका पदहरूका लागि प्रशासक वा सम्बद्ध विषयका प्राध्यापक वा नेपाल सरकार वा अन्य क्षेत्रका विशिष्ट श्रेणीका विषयविज्ञमात्र विशेषज्ञ बन्न सक्नेछन् ।

(ङ) अन्तर्वार्तामा बस्ने अध्यक्ष, सदस्य तथा विशेषज्ञहरूका पति, पत्नी, छोरा, बुहारी, छोरी, ज्वाइँ, नाति-नातिनी, बाबु, आमा, एउटै बाबुबाट जन्मेका दिदी-बहिनी, दाजु-भाइ, निजका पति वा पत्नीहरू र छोरा-छोरीहरू, काका–काकी (बाबुका सहोदर दाजु, भाइ र उनीहरूका पत्नी) र उनीहरूका छोरा-छोरीहरू, धर्मपुत्र-धर्मपुत्री, मामा-माइजू (आमाका सहोदर दाजु-भाइ र उनीहरूका पत्नी) र उनीहरूका छोरा-छोरीहरू, फुपू-फुफाजु (बाबुका सहोदर दिदी-बहिनीहरू र उनीहरूका पतिहरू) र उनीहरूका छोरा-छोरीहरू, आमाका सहोदर दिदी बहिनी, उनीहरूका पति र छोरा छोरीहरू, पत्नीका सहोदर दिदी, बहिनी, दाजु, भाइ र निजका पति वा पत्नीहरू एवम् उनीहरूका छोरा छोरीमध्ये कुनै नाता पर्ने भएमा त्यस्तो नाता पर्ने पदाधिकारी सो नातेदारको अन्तर्वार्तामा मूल्याङ्कनकर्ताका रूपमा सम्मिलित हुन सक्ने छैन ।

(च) सेवा आयोगका अध्यक्ष र सदस्यहरूले दिएको अङ्कको औसत र विशेषज्ञहरूले दिएको अङ्कको औसत जोडी प्राप्त हुन आएको अङ्कको जोड उम्मेदवारको प्राप्ताङ्क हुनेछ ।

*(छ) सेवा आयोगका अध्यक्ष, सदस्यहरू वा विषय विशेषज्ञले उम्मेदवारलाई अन्तर्वार्ताको पूर्णाङ्कको ८०% भन्दा बढी र ६०% भन्दा घटी अङ्क दिनुपरेमा सोको कारण जनाउनु पर्नेछ । यसरी कारण नखोली अङ्क दिएको पाइएमा बढीमा ८०% र घटीमा ६०% अङ्क दिएको मानी गणना गरिनेछ । साथै कारण खोलेर पूर्णाङ्कको ८०% भन्दा बढी र ६०% भन्दा घटी अङ्क दिएको अवस्थामा पनि सेवा आयोगका अध्यक्ष, सदस्यहरू तथा विषयका विशेषज्ञहरूसमेत गरी अन्तर्वार्तासमितिका ५०% भन्दा बढी सदस्यले त्यसरी कारण खुलाई अङ्क प्रदान गरेको अवस्थामा मात्र मान्य हुनेछ । अन्यथा बढीमा ८०% र घटीमा ६०% नै मानी अङ्क गणना गरिनेछ ।

(ज) कुनै पनि परीक्षाको अन्तर्वार्तामा पूर्णाङ्कको ४०% भन्दा कम अङ्क ल्याउने उम्मेदवारको नाम सिफारिस गरिनेछैन ।

(झ) तोकिएको मिति र समयमा अन्तर्वार्तामा सहभागी नहुने उम्मेदवारका लागि अर्को व्यवस्था हुनेछैन ।

*(ञ) सेवा आयोगमा कार्यरत कर्मचारीहरु सेवा आयोगले लिने अन्तर्वार्तामा विशेषज्ञका रुपमा नियुक्त हुन सक्ने छैनन् ।

*(ट) विश्वविद्यालय सेवामा प्रवेश पाउने उद्देश्यले शैक्षिक योग्यता, उमेर, नागरिकता, अनुभव आदि ढांटेको देखिएमा त्यस्ता उमेदवारलाई अन्तर्वार्तामा समावेश गराइने छैन र निजको आवेदन फाराम रद्द गरिने छ ।

# परिच्छेद-११
# सिफारिस

## ११.१ योग्यताक्रमको सूची तथा सिफारिससम्बन्धी व्यवस्था :-

(क) उम्मेदवारहरूले प्राप्त गरेको प्राप्ताङ्क तालिकीकरण गरी योग्यताक्रमका आधारमा सूची तयार गरिने र तोकिएको दरबन्दीका आधारमा नतिजा प्रकाशन गरिनेछ । बढुवा प्रतियोगिताअन्तर्गत सफल भएका उम्मेदवारहरूमध्ये अन्तिम उम्मेदवारले प्राप्त गरेको कुल प्राप्ताङ्क प्रकाशित गरिनेछ ।

(ख) पदपूर्तिका लागि अन्तिम नतिजा प्रकाशित गर्दा समावेशीतर्फ सिफारिस हुने उम्मेदवारको नामावली प्राथमिकतामा राखी नतिजा प्रकाशित गरिनेछ । यस अन्तर्गत सर्वप्रथम पिछडिएको क्षेत्रको नतिजा प्रकाशित गरिने र त्यसपछि क्रमशः अपाङ्ग, दलित, मधेसी, आदिवासी/जनजाति र महिला वर्ग/समूहको नतिजा प्रकाशित गरी अन्त्यमा खुल्लाको नतिजा प्रकाशित गरिनेछ । कुनै एक वर्ग/क्षेत्रमा नाम सिफारिस भएपछि अरू वर्ग/समूहबाट निजको नाम स्वतः हटाइनेछ ।

(ग) समावेशीतर्फ कुनै वर्गबाट उत्तीर्ण आवेदक नभएमा समावेशी वर्गमध्ये निकटतम उपल्लो (Ascending order) वर्गको उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारलाई छनोट गरिनेछ । यसरी उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारको छनोट गर्दा सो वर्ग/समूहका निमित्त छुट्याइएको दरबन्दीमा कुनै असर पर्नेछैन ।

(घ) पदपूर्तिका लागि अन्तिम नतिजा प्रकाशित गर्दा समावेशीतर्फ छुट्याइएको पदमा लिखित वा अन्तर्वार्ताबाट उपयुक्त उम्मेदवार सिफारिस हुन सक्ने अवस्था नरहेमा त्यस्तो पद खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गरिनेछ ।

*(ङ) आफूले प्राप्त गरेको अङ्क सन्तोषजनक नलागेमा प्रत्येक उम्मेदवारले सेवा आयोगसमक्ष पुनर्योगको माग गर्न सक्नेछ । यस्तो माग गर्ने व्यक्तिले रु. २,०००।- (दुई हजार) दस्तुर बुझाएको रसिदसहित नतिजा प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सेवा आयोगको कार्यालयमा निवेदन दिनुपर्नेछ । निवेदन दिएको सामान्यतया ७ दिन भित्र सेवा आयोगले यस सम्बन्धी कामको किनारा लगाइसक्नेछ ।

(च) बढुवा तथा आन्तरिक प्रतियोगिताद्वारा नियुक्तिका लागि सेवा आयोगबाट गरिएको सिफारिस उपर चित्त नबुझेमा ने.सं.वि. शिक्षक कर्मचारी सेवा सर्तसम्वन्धी नियम २०६७ को परिच्छेद १९ को दफा ११० बमोजिम सेवा आयोगबाट सिफारिस गरिएको मितिले २० दिनभित्र पुनरावेदन आयोगसमक्ष उजुरी गर्नु पूर्व ११.१(**ङ**) को प्रक्रिया पुरा गरि सकेको हुनु पर्नेछ ।

(च) बढुवा तथा आन्तरिक प्रतियोगिताबाट हुने पदोन्नतिको सिलसिलामा कुनै पनि कर्मचारीले तह नाघी माथिल्लो पदका लागि उम्मेदवारी दिन पाउनेछैन ।

(ज) खुल्ला प्रतियोगितामा सेवा आयोगले मनासिब ठानेमा पदसङ्ख्याका आधारमा सफल उम्मेदवारहरू मध्येबाट योग्यताक्रम अनुसार बढीमा २ जनासम्म वैकल्पिक उम्मेदवारको नाम सिफारिस गर्न सक्नेछ । नियुक्तिका लागि सिफारिस गरिएका व्यक्तिहरूमध्ये कुनैले ३५ दिनभित्र नियुक्तिपत्र नै नबुझी वा नियुक्तिपत्र बुझी ३५ दिनभित्र बहाली नगरी वा बहाली भएको ६ महिना भित्र पदत्याग गरी पद रिक्त रहन गएमा वैकल्पिक उम्मेदवारहरूमध्येबाट योग्यताक्रमअनुसारका आधारमा नियुक्ति गरिनेछ, तर सेवा आयोगले सिफारिस गरेको एक वर्ष नाघेपछि कुनै पनि वैकल्पिक उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गरिने छैन ।

*(झ) सेवा आयोगबाट सिफारिश भएका कर्मचारीहरुको पदस्थापन गर्दा विज्ञापन प्रकाशित गर्दा तोकिएको निकाय र दरवन्दीमा सिफारिश योग्यताक्रम अनुसार पदस्थापन गरिने छ । सिफारिश गरिएको कर्मचारीले विज्ञापनमा तोकिएको निकायमा न्यूनतम ५ वर्ष सेवा गर्नु पर्नेछ तर सिफारिश गरिएको कर्मचारी तोकिएको मिति सम्म सम्पर्कमा नआएमा बैकल्पिकि कर्मचारीको नियुक्तिको लागि सिफारिश गरिने छ ।

*(ञ) सेवा आयोगबाट सिफारिश गरिएका कुनै कर्मचारीको सेवा अन्य कुनै तोकिएको निकायमा आवश्यक छ भन्ने विश्वविद्यालयलाई लागेमा त्यस्ता कर्मचारीलाई अन्य स्थानमा पनि पदस्थापन गर्न सकिने छ ।

**११.२ बराबर अङ्क प्राप्त गरेका उम्मेदवारहरूको योग्यताक्रम-सूचीसम्बन्धी व्यवस्था :-**

(क) बढुवा र आन्तरिक प्रतियोगिताका हकमा बराबर अङ्क प्राप्त गरेका उम्मेदवारहरूको योग्यताक्रम निर्धारण गर्दा आवेदित पदभन्दा एक तहमुनिको पदमा स्थायी भएको वा पदोन्नति भएको ज्येष्ठताका आधारमा र सो पनि बराबर भएमा आवेदित पदभन्दा एक तहमुनिको पदमा अस्थायी वा करारसेवामा प्रवेश गरेको ज्येष्ठताका आधारमा तथा सो पनि बराबर भएमा शैक्षिक योग्यताको महलमा बढी अङ्क आएका आधारमा गरिनेछ । यसबाट पनि ज्येष्ठता नछुट्टिएमा सुरु स्थायी नियुक्ति मितिको ज्येष्ठताका आधारमा र सोबाट पनि ज्येष्ठता नछुट्टिएमा उमेरको ज्येष्ठताका आधारमा गरिनेछ ।

(ख) खुल्ला प्रतियोगितामा उम्मेदवारहरूको कुल प्राप्ताङ्क बराबर हुन गएमा शैक्षिक योग्यताको महलमा बढी अङ्क आएका आधारमा गरिनेछ । शैक्षिक योग्यतामा प्राप्त अङ्क पनि बराबर भएमा लिखित परीक्षा हुने पद भए लिखित परीक्षामा प्राप्त गरेको बढी अङ्कका आधारमा गरिनेछ । सो पनि बराबर भएमा वा लिखित परीक्षा नहुने पद भए अन्तर्वार्तामा विशेषज्ञसमूहबाट प्रदान गरेको बढी अङ्कका आधारमा र सोबाट पनि वरिष्ठता नछुट्टिएमा उमेरको ज्येष्ठताको आधारमा गरिनेछ ।

**११.३ परीक्षाको मर्यादा कायम गर्ने :-**

प्रतियोगितामा सम्मिलित कुनै पनि उम्मेदवारले झुट्टा विवरण दिएमा वा लिखित परीक्षा वा अन्तर्वार्तामा कुनै अनियमित कार्य वा मर्यादाभङ्ग गरेमा सेवा आयोगले त्यस्ता उम्मेदवारलाई निजको कसुर हेरी सेवा आयोगबाट लिइने कुनै पनि प्रतियोगितामा भाग लिन नपाउने गरी निश्चित अवधिका लागि अयोग्य घोषित गर्न सक्नेछ ।

**११.४ सिफारिस बदर हुने अवस्था :-**

(क) प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले नतिजालाई प्रभावित पार्ने गरी झुट्टा विवरण दिई सिफारिस भएको पाइएमा निजको सिफारिस स्वतः रद्द हुनेछ ।

(ख) उम्मेदवारको मूल्याङ्कन तालिकामा कुनै भुलचुक भई पहिले सिफारिस वा नियुक्तिसमेत भइसकेको कुनै उम्मेदवार सिफारिस वा नियुक्त हुन नसक्ने अवस्था प्रमाणित हुन आएमा सेवा आयोगले त्यस्ता उम्मेदवारको सिफारिस बदर गर्न सक्नेछ ।

(ग) बढुवा एवम् आन्तरिक प्रतियोगितामा सम्मिलित हुन आवेदन दिएका कुनै उम्मेदवारले अन्तिम नतिजा प्रकाशन हुनुपूर्व नै विश्वविद्यालय सेवाबाट राजिनामा दिएमा वा कुनै पनि कारणले विश्वविद्यालय सेवाबाट अवकाश पाएमा त्यस्ता उम्मेदवारको आवेदन फाराम तथा सिफारिस भइसकेको भए सो सिफारिस समेत स्वतः रद्द हुनेछ ।

*(घ) आयोगले लिएको परीक्षामा प्रश्नपत्र परिमार्जन, प्रश्नपत्र छपाई, उत्तरपुस्तिका परीक्षण वा अन्तर्वार्ता सम्वन्धी काममा संलग्न भएको विशेषज्ञको नजिकको नातेदार त्यस्तो परीक्षामा उमेदवार भई सो परीक्षामा सफल भएको प्रमाणित भएमा निजको परीक्षा वा अन्तर्वार्ता वा नियुक्तिको सिफारिश रद्द हुने छ । नियुक्ति पाई सकेको भए सो नियुक्ति पत्र समेत कार्यकारी परिषदले रद्द गर्ने छ ।

## परिच्छेद-१२

## प्रशासनिक सेवाका कर्मचारीहरूको विभिन्न पदका लागि आवश्यक न्यूनतम योग्यता

**१२.१ प्रशासकका निमित्त**

मान्यताप्राप्त शिक्षणसंस्थाबाट कम्तीमा स्नातक वा सोसरहको परीक्षा उत्तीर्ण भई ने.सं.वि. को सहप्रशासक पदमा कम्तीमा ५ (पाँच) वर्ष स्थायी सेवा पूरा गरेको ।

**१२.२ प्रमुख आर्थिक नियन्त्रकका निमित्त**

मान्यताप्राप्त शिक्षणसंस्थाबाट कम्तीमा वाणिज्यशास्त्रमा स्नातक परीक्षा उत्तीर्ण भई ने.सं.वि.को सहलेखानियन्त्रक पदमा कम्तीमा ५ (पाँच) वर्ष स्थायी सेवा पूरा गरेको ।

**१२.३. सहप्रशासकका निमित्त**

मान्यताप्राप्त शिक्षणसंस्थाबाट कम्तीमा स्नातक वा सोसरहको परीक्षा उत्तीर्ण भई ने.सं.वि.को उपप्रशासक पदमा कम्तीमा ५ (पाँच) वर्ष स्थायी सेवा पूरा गरेको ।

**१२.४ सहलेखानियन्त्रकका निमित्त**

मान्यताप्राप्त शिक्षणसंस्थाबाट कम्तीमा वाणिज्यशास्त्रमा स्नातक तह उत्तीर्ण भई ने.सं.वि.को उपलेखा नियन्त्रक पदमा कम्तीमा ५ (पाँच) वर्ष स्थायी सेवा पूरा गरेको ।

**१२.५ उप प्रशासकका निमित्त**

मान्यताप्राप्त शिक्षणसंस्थाबाट कम्तीमा स्नातक वा सोसरहको परीक्षा उत्तीर्ण भई ने.सं.वि.को सहायक प्रशासक पदमा कम्तीमा ५ (पाँच) वर्ष स्थायी सेवा पूरा गरेको ।

**१२.६ उपलेखानियन्त्रकका निमित्त**

मान्यताप्राप्त शिक्षणसंस्थाबाट कम्तीमा वाणिज्यशास्त्रमा स्नातक तह उत्तीर्ण भई ने.सं.वि.को लेखाअधिकृत पदमा कम्तीमा ५ (पाँच) वर्ष स्थायी सेवा पूरा गरेको ।

**१२.७ कानुनी सल्लाहकारका निमित्त**

मान्यताप्राप्त शिक्षणसंस्थाबाट कम्तीमा कानुनमा स्नातक तह उत्तीर्ण भई विश्वविद्यालयको कानुन अधिकृतपदमा कम्तीमा ५ (पाँच) वर्ष स्थायी सेवा पूरा गरेको र आफ्नो पेशामा संलग्न हुन अनुमति पत्र ( License) आवश्यक पर्ने भएमा सम्बन्धित काउन्सिलको अनुमति पत्र र दर्ता प्रमाणपत्र संलग्न गर्नु पर्नेछ ।

**१२.८ उपपुस्तकालयाध्यक्ष (Deputy Librarian) पदका निमित्त**

मान्यताप्राप्त शिक्षणसंस्थाबाट कम्तीमा पुस्तकालय विज्ञानमा स्नातक वा सोसरहको परीक्षा उत्तीर्ण गरेको वा स्नातक तह उत्तीर्ण गरी पुस्तकालय विज्ञानसम्बन्धी १० महिने तालिम पूरा गरेको र ने.सं.वि.को सहायक पुस्तकालयाध्यक्ष पदमा कम्तीमा ५ वर्ष स्थायी सेवा पूरा गरेको ।

**१२.९ सहायक प्रशासकका निमित्त**

मान्यता प्राप्त शिक्षणसंस्थाबाट कम्तीमा स्नातक वा सोसरहको परीक्षा उत्तीर्ण गरेको ।

**१२.१० लेखाअधिकृतका निमित्त**

मान्यताप्राप्त शिक्षणसंस्थाबाट कम्तीमा वाणिज्यशास्त्रमा स्नातक तह उत्तीर्ण गरेको ।

**१२.११ सहायक पुस्तकालयाध्यक्ष (Assistant Librarian) पदका निमित्त**

मान्यताप्राप्त शिक्षणसंस्थाबाट कम्तीमा पुस्तकालय विज्ञानमा (B.Lib.sc.) स्नातक वा सोसरहको परीक्षा उत्तीर्ण गरेको वा स्नातक वा सोसरह उत्तीर्ण गरी पुस्तकालय विज्ञान सम्बन्धी कम्तीमा ६ महिने तालिम पूरा गरेको ।

***१२.१२ कानुन अधिकृतका निमित्त**

मान्यताप्राप्त शिक्षणसंस्थाबाट कम्तीमा कानुन विषयमा स्नातक तह उत्तीर्ण गरी आफ्नो पेशामा संलग्न हुन अनुमति पत्र (License) आवश्यक पर्ने भएमा सम्बन्धित काउन्सिलको अनुमति पत्र र दर्ता प्रमाणपत्र संलग्न गर्नु पर्नेछ ।

***१२.१३ मेडिकल अधिकृतका निमित्त**

मान्यताप्राप्त शिक्षण संस्था वाट B.A.M.S. -आर्युवेद स्नातकतह) उत्तीर्ण गरि आफ्नो पेशामा संलग्न हुन अनुमति पत्र (License) आवश्यक पर्ने भएमा सम्बन्धित काउन्सिलको अनुमति पत्र र दर्ता प्रमाणपत्र संलग्न गर्नु पर्नेछ ।

***१२.१४ नर्सिङ अधिकृतका (BN) निमित्त**

मान्यताप्राप्त शिक्षण सस्थाबाट नर्सिङ विषयमा स्नातक उत्तीर्ण गरि आफ्नो पेशामा संलग्न हुन अनुमति पत्र ( License) आवश्यक पर्ने भएमा सम्बन्धित काउन्सिलको अनुमति पत्र र दर्ता प्रमाणपत्र संलग्न गर्नु पर्नेछ ।

*१२.१५ **ल्याब अधिकृतका निमित्त**

मान्यताप्राप्त शिक्षणसंस्थाबाट ल्याब विषयमा स्नातक (B.M.L.T.) उत्तीर्ण गरी आफ्नो पेशामा संलग्न हुन अनुमति पत्र (License) आवश्यक पर्ने भएमा सम्बन्धित काउन्सिलको अनुमति पत्र र दर्ता प्रमाणपत्र संलग्न गर्नु पर्नेछ ।

***१२.१६ सूचना अधिकृतका (IT Officer) निमित्त**

मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्फरमेशन टेक्नोलोजी वा कम्प्युटर इन्जिनियरिङ्ग वा कम्प्युटर विज्ञान वा कम्प्युटर एप्लिकेशन वा सुचना प्रविधि शिक्षा वा सूचना व्यवस्थापन वा सो सरहका विषयमा स्नातक तह वा सो भन्दा माथिको शैक्षिक योग्यता प्राप्त गरेको ।

***१२.१७ पञ्चकर्म मेडिकल अधिकृतका निमित्त**

मान्यताप्राप्त शिक्षण संस्थाबाट आर्युवेद स्नातक (BAMS) तह उत्तीर्ण गरि मान्यताप्राप्त संस्था बाट कम्तीमा एकवर्षको पञ्चकर्म विषयको तालिम प्राप्त गरि आफ्नो पेशामा संलग्न हुन अनुमति पत्र (License) आवश्यक पर्ने भएमा सम्बन्धित काउन्सिलको अनुमति पत्र र दर्ता प्रमाणपत्र संलग्न गर्नु पर्नेछ ।

***१२.१८ रेडियोलोजिस्टका निमित्त**

सम्वन्धित विषयमा स्नातक तह उत्तीर्ण गरी आफ्नो पेशामा संलग्न हुन अनुमति पत्र (License) आवश्यक पर्ने भएमा सम्बन्धित काउन्सिलको अनुमति पत्र र दर्ता प्रमाणपत्र संलग्न गर्नु पर्नेछ ।

***१२.१९ स्टाफ नर्सका निमित्त**

मान्यताप्राप्त शिक्षण संस्थावाट नर्सिङ विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको उत्तीर्ण गरी आफ्नो पेशामा संलग्न हुन अनुमति पत्र (License) आवश्यक पर्ने भएमा सम्बन्धित काउन्सिलको अनुमति पत्र र दर्ता प्रमाणपत्र संलग्न गर्नु पर्नेछ ।

***१२.२० रेडियो ग्राफरका निमित्त**

मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको उत्तीर्ण गरेको र आफ्नो पेशामा संलग्न हुन अनुमति पत्र (License) आवश्यक पर्ने भएमा सम्बन्धित काउन्सिलको अनुमति पत्र र दर्ता प्रमाणपत्र संलग्न गर्नु पर्नेछ ।

**१२.२१ हेड असिस्टेन्ट (वरिष्ठ सहायक) का निमित्त**

मान्यताप्राप्त शिक्षणसंस्थाबाट कम्तीमा कक्षा १२ वा प्रमाणपत्र तह वा सोसरहको परीक्षा उत्तीर्ण गरेको ।

***१२.२२ हेड असिस्टेन्ट आइटि (IT Head Assistant)**

CTEVT बाट डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ्ग वा डिप्लोमा इन इन्फरमेशन टेक्नोलोजी परीक्षा उत्तीर्ण वा मान्यताप्राप्त शिक्षण संस्थावाट कम्प्युटर इन्जिनियरिङ्ग वा कम्प्युटर विज्ञान वा कम्प्युटर एप्लिकेशन वा सूचना प्रविधि शिक्षा वा सूचना प्रविधि वा सो सरहको विषय लिई कक्षा १२ उत्तिर्ण वा उपर्यूक्त विषयमा सो भन्दा माथिको उपाधि प्राप्त ।

***१२.२३ कम्प्युटर चालक (Computer Operator) का निमित्त**

CTEVT बाट डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ्ग वा डिप्लोमा इन इन्फरमेशन टेक्नोलोजी परीक्षा उत्तीर्ण वा मान्यताप्राप्त शिक्षण संस्थावाट कम्प्युटर इन्जिनियरिङ्ग वा कम्प्युटर विज्ञान वा कम्प्युटर एप्लिकेशन वा सुचना प्रविधि शिक्षा वा सूचना प्रविधि वा सो सरहको विषय लिई कक्षा १२ उत्तिर्ण वा उपर्युक्त विषयमा सो भन्दा माथिको उपाधि प्राप्त ।

***१२.२४ असिस्टेन्ट कम्प्युटर चालक -Assistant Computer Operator) का निमित्त**

मान्यताप्राप्त शिक्षणसंस्थाबाट कम्प्युटर विषय लिई एस.ई.ई परीक्षा उत्तीर्ण गरेको वा एस.ई.ई.वा सोसरहको परीक्षा उत्तीर्ण भई CTEVT को कम्प्युटर सम्वन्धी Level 1 तालिम पुरा गरेको वा CTEVT वा नेपालसरकार बाट मान्यताप्राप्त संस्था बाट कम्प्युटर डिप्लोमा कोर्स (छ महिने तालिम) पूरा गरेको ।

**१२.२५ लेखापाल र भण्डारपाल (Store keeper) का निमित्त**

मान्यताप्राप्त शिक्षणसंस्थाबाट वाणिज्यशास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा सोसरहको परीक्षा उत्तीर्ण गरेको ।

***१२.२६ कविराज का निमित्त**

मान्यताप्राप्त शिक्षणसंस्थावाट आयुर्वेद विषयमा प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी आफ्नो पेशामा संलग्न हुन अनुमति पत्र (License) आवश्यक पर्ने भएमा सम्बन्धित काउन्सिलको अनुमति पत्र र दर्ता प्रमाणपत्र संलग्न गर्नु पर्नेछ ।

***१२.२७ ल्याब टेक्निसियन (Lab Technician) का निमित्त**

मान्यताप्राप्त शिक्षणसंस्थाबाट ल्याब विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी आफ्नो पेशामा संलग्न हुन अनुमति पत्र (License) आवश्यक पर्ने भएमा सम्बन्धित काउन्सिलको अनुमति पत्र र दर्ता प्रमाणपत्र संलग्न गर्नु पर्नेछ ।

**१२.२८ सहायक स्ट्रिपर (Assistant Stripper) का निमित्त**

मान्यताप्राप्त शिक्षणसंस्थाबाट एस.इ.इ. वा सोसरहको परीक्षा उत्तीर्ण गरी सम्बद्ध विषयमा कम्तीमा ३ (तीन) वर्षको अनुभव भएको । असिस्टेन्ट स्ट्रिपर पदका निमित्त टाइपिस्ट 'ख' सरह कम्पोज वेगका साथै प्रेस मसिन, बुक बाइन्डिङ र कटिङको सामान्य प्राविधिक ज्ञान भएको हुनुपर्ने।

**१२.२९ टङ्कण लिपिक 'ख' (Typist 'Kha') का निमित्त**

मान्यताप्राप्त शिक्षणसंस्थाबाट प्रमाणपत्र तह वा सोसरहको परीक्षा उत्तीर्ण भई देवनागरी तथा अङ्ग्रेजी लिपिमा कम्प्युटरको डिप्लोमा कोर्ष पूरा गरेको प्रमाणपत्र प्राप्त गरेको । टाइपिष्ट 'ख' पदका निमित्त देवनागरी लिपिमा कम्तीमा ३५ शब्द र अङ्ग्रेजी लिपिमा कम्तीमा ५० शब्द प्रतिमिनेट शुद्ध एवम् स्पष्टसँग कम्प्युटर टाइप गर्नुपर्ने ।

**१२.३० असिस्टेन्टका निमित्त**

मान्यता प्राप्त शिक्षणसंस्थाबाट एस.ई.ई. वा सोसरहको परीक्षा उत्तीर्ण गरेको ।

**१२.३१ सहायक लेखापाल र सहायक भण्डारपाल (Assistant Storekeeper)का निमित्त**

मान्यता प्राप्त शिक्षणसंस्थाबाट लेखा (Accountancy) विषय लिई एस.ई.ई.वा सोसरहको परीक्षा उत्तीर्ण गरेको ।

**१२.३२ टङ्कण लिपिक 'ग' (Typist 'Ga') का निमित्त**

मान्यताप्राप्त शिक्षणसंस्थाबाट एस.ई इ. वा सोसरहको परीक्षा उत्तीर्ण भई कम्प्युटरसम्बन्धी ६ महिने कोर्स पूरा गरी प्रमाणपत्र प्राप्त गरेको । टाइपिस्ट कम क्लर्क 'ग' का निमित्त देवनागरी लिपिमा कम्तीमा प्रतिमिनेट ३५ शब्द र अङ्ग्रेजी लिपिमा कम्तीमा ४० शब्द शुद्ध एवम् स्पष्टसँग कम्प्युटर टाइप गर्न सक्ने ।

**१२.३३ ल्याब असिस्टेन्ट (Lab Assistant) का निमित्त**

मान्यताप्राप्त शिक्षणसंस्थाबाट एस.ई.ई. वा सोसरहको परीक्षा उत्तीर्ण गरी कम्तीमा १० महिने ल्याब टेक्निसियन तालिम पुरा गरेको ।

**१२.३४ जिल्दसाज (Book Binder), पुस्तकनिग्रहक (Book Checker), यन्त्रशिल्पी (Forman), सञ्चारयन्त्रशिल्पी ( Memo Graphic Incharge), अक्षरयोजक (Compositor) विद्युत्शिल्पी (Electrician) र नालशिल्पी ( Plumper) का निमित्त**

मान्यताप्राप्त शिक्षणसंस्थाबाट एस.ई.ई.वा सोसरहको परीक्षा उत्तीर्ण भई सम्बन्धित कामको कम्तीमा ६ महिनाको प्रशिक्षणको प्रमाणपत्र प्राप्त गरेको । साथै यी पदहरूमा सम्बन्धित कामको प्रयोगात्मक परीक्षा पनि लिइनेछ ।

**१२.३५ अक्षरयोजक (Compositor) का निमित्त**

मान्यताप्राप्त शिक्षणसंस्थाबाट एस.इ.इ. वा सोसरहको परीक्षा उत्तीर्ण भई कम्पोजसम्बन्धी १ (एक) वर्षको अनुभव र देवनागरी लिपिमा कम्तीमा प्रतिमिनेट ३५ शब्द र अङ्ग्रेजी लिपिमा कम्तीमा ४० शब्द शुद्ध एवम् स्पष्टसँग टाइप वा कम्पोज गर्न सक्ने ।

*१२.३६ ने.सं.वि.सेवासर्त सम्वन्धी नियममा टाइपिष्ट, कम्प्युटर चालक र आइटि अफिसर समेत प्रशासन सेवामा राखिएको हुंदा सेवाआयोगबाट हुने विज्ञापन अर्न्तगत बढुवा र आन्तरिक प्रतियोगिताका पदमा सामेल हुन आवेदितपद भन्दा तल्लो पदमा स्थायी भई ५ वर्ष सेवा गरेका र विज्ञापित पदको लागि न्यूनतम शैक्षिक योग्यता पुगेका कर्मचारीहरु आन्तरिक/बढुवा प्रतियोगितामा समावेश हुन पाउने छन ।

# परिच्छेद- १३
# विविध

**१३.१ बढुवा वा आन्तरिक प्रतियोगिताका लागि उम्मेदवार हुन नपाउने व्यवस्था-** देहायको अवस्थामा देहायको अवधिभर विश्वविद्यालयको कुनै पनि कर्मचारी बढुवा वा आन्तरिक प्रतियोगिताका लागि उम्मेदवार हुन वा रहन पाउने छैन-

क. निलम्बन भएकोमा निलम्बन भएको अवधिभर ।

ख. बढुवा रोक्का गरिएको भए त्यसरी रोक्का भएको अवधिभर ।

ग. तलब, ग्रेडवृद्धि रोक्का भएको भए त्यसरी रोक्का भएको अवधिभर ।

घ. हालको पदमा ३ पटकसम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले १ वर्षसम्म ।

ङ. समान सेवा समूहमै पनि पद परिवर्तन गरेको भए त्यसरी परिवर्तन भएको १ वर्षसम्म बढुवाका लागि उम्मेदवार हुन पाउनेछैन, तर १ वर्ष पूरा भएपछि समानपदमा अन्य सेवामा गरेको अवधि पनि गणना गरिनेछ । यस प्रावधानले आन्तरिक प्रतियोगिताका लागि उम्मेदवार हुन रोक लाग्नेछैन ।

**१३.२ खुल्ला प्रतियोगिताका लागि उम्मेदवार हुन नपाउने व्यवस्था**

देहायका अवस्थामा कुनै पनि व्यक्ति विश्वविद्यालय सेवाका लागि खोलिएका विज्ञापनमा उम्मेदवार हुन वा रहन पाउनेछैन-

*क. उमेरको हदभित्र नभएको व्यक्ति- यस प्रयोजनका निमित्त उमेरको हद भन्नाले अधिकृतस्तरका पदहरूका लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको र अधिकृत स्तरभन्दा तल्ला पदहरूका लागि १८ वर्ष पूरा भई ४० वर्ष

ननाघेको, तर उमेरको हदका लागि तोकिएको अवधिभित्रै विश्वविद्यालयको करार वा अस्थायी वा स्थायी सेवामा निरन्तर रुपमा सेवामा रहेका कर्मचारीहरुले खुल्ला प्रतियोगितामा सामेल हुन चाहेमा उमेरको हद लागु हुनेछैन ।

ख. भविष्यमा सरकारी सेवा वा विश्वविद्यालयसेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको व्यक्ति।

ग. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको व्यक्ति ।

घ. गैरनेपाली नागरिक ।

ङ. मगज बिग्रिएको व्यक्ति ।

## *१३.३ आवेदन तथा परीक्षाशुल्क

| | | |
|---|---|---|
| (क) | प्रशासक वा सोसरहको पदका लागि | रु.३,५००।- |
| (ख) | सहप्रशासक वा सोसरहका पदका लागि | रु. ३,२००।- |
| (ग) | उपप्रशासक वा सोसरहको पदहरूका लागि | रु. ३,०००।- |
| (घ) | सहायक प्रशासक वा सोसरहको पदका लागि | रु. २,८००।- |
| (ङ) | हेड असिस्टेन्ट वा सोसरहको पदका लागि | रु. २,०००।- |
| (च) | असिस्टेन्ट वा सोसहरको पदका लागि | रु. १,५००/- |
| (छ) | आवेदन फाराम शुल्क (सबैका लागि) | रु.७००/- |

(ज) लिखित तथा प्रयोगात्मक परीक्षा हुने भनी तोकिएका पदका सफल उम्मेदवारले प्रयोगात्मक परीक्षा हुनुअगावै थप रु. १,०००/- (एकहजार) बुझाउनु पर्नेछ ।

(झ) समावेशी समूहमा आवेदन दिने उम्मेदवारलाई प्रतिसमूह बापत २० प्रतिशत थप शुल्क लाग्ने छ।

(ञ) बढुवा, आन्तरिक र खुल्ला प्रतियोगितामा सामेल हुने उम्मेदवारले अलग/अलग आवेदन तथा परीक्षा शुल्क तिर्नुपर्ने छ ।

(ट) आवेदन दिने म्याद नाघेको मितिदेखि ७ दिनसम्म विलम्ब शुल्कको रूपमा दोब्बर दस्तुर तिरी आवेदन दिन सकिनेछ ।

## १३.४ व्याख्या र बाधा अड्काउ फुकाउने व्यवस्था

यो निर्देशिका (कार्यविधि) को अन्तिम व्याख्या र बाधा अड्काउ फुकाउने अधिकार सेवा आयोगलाई हुनेछ ।

## १३.५ खारेजी र बचाउ

(क) कर्मचारी नियुक्ति एवम् बढुवाका आधार, कार्यसम्पादन-मूल्याङ्कन तथा कार्यक्षमता अङ्कविभाजन एवम् सिफारिससम्बन्धी निर्देशिका (कार्यविधि)-२०६७ (२०७८सम्मको संशोधित सहित) लागू हुनुपूर्व कर्मचारी नियुक्ति एवम् बढुवाका आधार, कार्यसम्पादन-मूल्याङ्कन तथा कार्यक्षमता अङ्कविभाजन, सिफारिस र न्यूनतम योग्यता निर्धारण एवम् पाठ्यक्रमसम्बन्धी निर्देशिका २०६७ अनुसार भएका काम कारवाहीहरू यसै निर्देशिका बमोजिम भए गरेका मानिनेछन् ।

---

**द्रष्टव्य**

१. *संकेत भएको २०७८ फागुन ८ गतेको सेवाआयोगको निर्णय अनुसार थप तथा संशोधन गरिएको ।

२. यस निर्देशिकामा प्रयुक्त भाषिक शव्दावली वा वाक्यांशमा कुनै फरक परेमा मूल निर्देशिका वमोजिम नै हुनेछ ।